


# प्रदेश-३



केही स्थानीय सरकारले तोकिएको समयभित्रै परिषद् शुरु गरेका छन् भने केहीले मसान्तसम्मको भाकालाई पर्खिएका छन्।

## पचास प्रतिशत अनुदानमा कृषि उपकरण



शालिकराम चालिसे, नुवाकोट

बेलकोटगढी नगरपालिकामा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले ५० प्रतिशत अनुदानमा आधुनिक कृषि उपकरण किसानलाई दिएको छ।

बेलकोटगढी-१० मा रहेको नमुना कृषक सहकारी संस्थामा आबद्ध किसानलाई १२ थान मिनीट्रिलर र ३ थान पावर ट्रिलर प्रदान गरिएको हो। नमुना सहकारीमार्फत ९० ट्र्याक्टर वितरण गर्ने कार्यक्रम रहेको नगरपालिकाले जनाएको छ। उत्पादन भएका सामग्री जोख्नका लागि ३६ ओटा डिजिटल काँटासमेत प्रदान गरिएको छ।

किसानलाई सामग्री प्रदान गरेपछि नगरपालिकाका प्रमुख राजेन्द्ररमण खनालले कृषिबाट बेलकोटगढी नगरपालिका समृद्ध बन्ने भएकाले प्राप्त भएका उपकरणको सही प्रयोग गरेर उत्पादन बढाउन किसानलाई आग्रह गर्नुभयो। उत्पादन लागत घटाई बाँझो जमिनमा खेती गराउन किसानलाई आकर्षित गर्ने उद्देश्यले सहकारीमार्फत आधुनिक प्रविधि हस्तान्तरण गरिएको नगरपालिकाका बागवानी विकास अधिकृत छविलाल शर्माले जानकारी दिनुभयो।

बजार मूल्यअनुसार ५५ हजार रुपियाँ पर्ने मिनीट्रिलर बोलकबोल प्रणालीमार्फत ४१ हजार ५ सय रुपियाँमा खरिद गरी किसानलाई ५० प्रतिशत छुटमा प्रदान गरिएको नगरपालिकाले जनाएको छ। परियोजनाअन्तर्गत नै बेलकोटगढी वडा नं ७ रातमाटेका किसानलाई पनि १५ मिनीट्रिलर र ५ डिजिटल तराजु ५० प्रतिशत अनुदानमा उपलब्ध गराइएको वडाध्यक्ष हेमनिधि नेपालले बताए।

## किम्ताङको पहिरो जोखिमका १७ परिवार विद्यालयमा

नेपाल समाचारपत्र

नुवाकोट

अविरल वर्षासँगै बगेको पहिरोका कारण म्यागङ गाउँपालिका-४ साविक किम्ताङ गाविसको वडा नं ७ का १७ परिवार विस्थापित भएका छन्। पहिरोले ११ रोपनी खेतीयोग्य भूमि बगाउँदै बस्तीतर्फ झरेपछि स्थानीय प्रशासनले उनीहरूलाई बुधबार उद्धार गरी चन्द्रदेवी माध्यमिक विद्यालयमा स्थानान्तरण गरेको हो।

विसं २०२८ देखि बग्दै गएको पहिरोबाट पीडित किम्ताङबासीलाई यस वर्ष वर्षा शुरूहुनुपूर्व नै बलच्युङ र खरबारीबाट झरेको पहिरोले बस्तीमा क्षति पुर्‍याएकाले त्यहाँ रहेका १७ घरधुरीका करिब सय जनालाई सुरक्षित स्थानमा सारिएको गाउँपालिकाका उपाध्यक्ष शान्ति गुरुङले जानकारी दिनुभयो। उहाँका अनुसार शुक्रबार रातिदेखि बग्न शुरू गरेको पहिरोले खेत बगाएर आइतबार राति बस्तीसम्म पुगेकाले उनीहरूलाई विद्यालयमा स्थानान्तरण गरिएको हो। पहिरोले घरमा क्षति पुर्‍याउन थालेपछि गाउँपालिका र वडा कार्यालयको पहलमा पहिरो पीडित सूर्यमान तामाङ, बुद्धे तामाङ, हरिप्रसाद घले, दलबहादुर तामाङ, देसीमाया तामाङ, फूलबहादुर तामाङ, धनसिंह तामाङ, सिंकर तामाङलगायतका परिवार विद्यालयमा आश्रित छन्।

पहिरोले घरमा क्षति पुर्‍याएको निमा लामा तामाङ, मोइ घले, सोनम तामाङ, आइतराम तामाङ, कमानसिंह तामाङ, आइतमान तामाङ, गंगामाया घले, छन्त लामा तामाङ र धनमाया घलेको परिवारलाई पनि विद्यालयमा सारिएको छ। पीडितलाई गाउँपालिकाबाट खाद्यान्नको व्यवस्था गरिएको गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत मच्छिन्द्रनरसिंह प्याकुरेलले बताउनुभयो। पहिरोको उच्च जोखिममा रहेका किम्ताङको बस्तीमा वर्षात् शुरू हुनुपूर्व नै पहिरो बग्न थालेपछि बाँकी बस्तीका अन्य परिवार पनि त्रस्त छन्।

लामो समयदेखि बग्दै गएको पहिरोका कारण साविक किम्ताङ गाविसका ४ सय ३० भन्दा बढी घरपरिवार जोखिममा रहेको प्रतिवेदन यसअघि जिल्ला प्रशासन कार्यालयले तयार गरी सुरक्षित स्थानमा स्थानान्तरणका लागि माथिल्लो निकायमा सिफारिस गरेको थियो। निमित्त प्रमुख प्रशासकीय अधिकृत प्याकुरेलका अनुसार पहिरोबाट किम्ताङको वडा नं ५ देखि ९ सम्मका २ सय घरपरिवार उच्च जोखिममा रहेकाले जतिसदो चाँडो स्थानान्तरण गर्नुपर्ने भएको छ। पहिरोले खेतीयोग्य भूमि बगाएर भित्र्याउन ठिक्क बनाएको मकैबाली र रोप्न शुरू गरेको ११ रोपनी धान खेत बगाएर बस्तीतर्फ लागेको छ। उहाँले भन्नुभयो- 'पहिरोको जोखिममा परेका परिवारका लागि स्थानान्तरण गर्न सुरक्षित स्थानको अभाव मुख्य चुनौती बनेको छ।'

पहिरोपीडितलाई चार वर्षअघि स्थानान्तरण गर्न हाल म्यागङ गाउँपालिकाको टुडीमैदानमा प्रक्रिया अघि बढाए पनि उनीहरूले विकल्पमा विदुर नगरपालिका-६ स्थित खम्पाक्याम्प हुनुपर्ने अडान राखेका थिए। टुडीमैदानमा अहिले गाउँपालिकाको कार्यालयलगायतका संरचना बनाउन थालिएको छ। पीडितको अडान रहँदै आएको स्थान खम्पाक्याम्पमा पनि कारागार व्यवस्थापन विभागले ३ वर्षअघिदेखि केन्द्रीय कारागार निर्माण शुरू गरेपछि करिब ४ सय ५० परिवार स्थानान्तरण गर्न सुरक्षित स्थानको समस्या बनेको छ। पीडित बसोबास गर्दै आएको किम्ताङ चिसो स्थान भएकाले सुहाउँदो हावापानी तथा सांस्कृतिक एकतासमेत कायम गराउन सहज मानिएको ककनीमा स्थानान्तरणको प्रयास भए पनि त्यसमा उनीहरूले चासो नदिएपछि पहिरो जोखिम क्षेत्रका बासिन्दा कहाँ लैजाने भन्नेमा स्थानीय प्रशासन अन्योलमा छ।

## कांग्रेसको प्रदेश कार्यालय उद्घाटन




हेटौंडा, (नेस)

३ नम्बर प्रदेशसभाको प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेसको संसदीय दलको कार्यालय बुधबार उद्घाटन गरिएको छ। ३ नम्बर प्रदेशसभा सभामुख सानुकुमार श्रेष्ठले रिबन काटेर कांग्रेस संसदीय दलको कार्यालय उद्घाटन गर्नुभएको हो।

उद्घाटनपछि नेपाली कांग्रेस ३ नम्बर प्रदेश संसदीय दलका नेता इन्द्रबहादुर बानियाँले प्रदेशसभाले प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेसलाई संसदीय दलको कार्यालय उपलब्ध गराएकोप्रति सभामुख श्रेष्ठलाई धन्यवाद व्यक्त गर्नुभयो।

कार्यक्रममा नेपाली कांग्रेस, नेकपा, राप्रपा, राप्रपा नेपाल, विवेकशील साझा पार्टी, नेमकिपालगायतका प्रमुख सचेतक, सचेतक, प्रदेशसभा सदस्यको उपस्थिति थियो।

## वर्गीकृत डिस्प्ले



बोरिङ्ग इनारको रातो पहेलो पानीलाई शुद्ध र सफा गरिन्छ।

जलपादेवी वाटर सोलुशन
फोन नं:- ९८५१०६९३९२, ९८५१०२१०३८

वर्गीकृत डिस्प्ले

आइतबार, मंगलबार, बिहीबार र शुक्रबार
रू. १००० ।-
मूअकबाहेक

विस्तृत जानकारीका लागि

कामना न्युज पब्लिकेशन प्रा.लि.
भीमसेनस्थान

फोन : ४२१९९८४, ४२१९०२६
४२१९६२२, ४२१९४४५

## स्थानीय सरकार : बजेटकै चटारोमा

मोतीराम तिमल्सिना, काभ्रे

असार महिना मानो रोपेर मुरी फलाउने समयमा कृषकहरू खेतबारीमा व्यस्त भएको समय जनप्रतिनिधिहरू अर्थात् स्थानीय सरकार बजेटको चटारोमा छन्।

तोकिएकै समयमा असार १० गतेबाट स्थानीय सरकारले बजेट तथा नीति कार्यक्रम प्रस्तुत गरी मसान्तसम्ममा पास गरिसक्ने गरी छलफलमा व्यस्त छन्। केही स्थानीय सरकारले तोकिएको समयभित्रै परिषद् शुरू गरेका छन् भने केहीले मसान्तसम्मको भाकालाई पर्खिएका छन्। जिल्लामा धुलिखेल, नमोबुद्ध र मण्डनदेउपुर नगरपालिकाले असार १० गते नै नीति तथा कार्यक्रम प्रस्तुत गरेका छन् भने रोशी गाउँपालिकाले सोही दिन नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गरेको छ। बनेपा, पनौती, पाँचखाल नगरपालिकाले नीति तथा कार्यक्रम र बजेटको तयारी गरिरहेका छन् भने गाउँपालिकाहरू बेथाञ्चोक, भुम्लु, चौरीदेउराली, तेमाल, महाभारत र खानिखोलाले पनि तयारी गरिरहेको बताएका छन्।

नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्दै धुलिखेल नगरपालिकाका प्रमुख अशोक ब्याञ्जुले नगरपालिकालाई पर्यटन केन्द्रित विकासको माध्ययमबाट नेपालकै पर्यटकीय गन्तव्यका रूपमा विकास गरिने बताए। धुलिखेल नगरपालिकाको तेस्रो नगरसभामा आगामी आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्दै नगर प्रमुख अशोक ब्याञ्जुले उक्त लक्ष्य प्रस्तुत गरेका हुन्। धुलिखेललाई हरियालीयुक्त, वातावरणमैत्री र स्मार्ट धुलिखेलको निर्माणमार्फत नगरबासीको जीवनस्तरमा गुणात्मक सुधार गरिने बताए।

नगर प्रमुख ब्याञ्जुले नगरसभामा आगामी आर्थिक वर्षका लागि ६० करोड ६५ लाख ८३ हजार रुपियाँ बराबरको बजेट प्रस्तुत गरेका छन्। बजेट वक्तव्यमा नगरपालिकाले केन्द्र तथा प्रदेश सरकारसँग नेपाल सरकारले प्रस्ताव गरेको नागढुंगादेखि धुलिखेलसम्मको मेट्रो रेल निर्माणलाई छिटो शुरू गर्न आग्रह गर्ने, वडा नम्बर ११ ठूलीचौरमा आन्तरिक विमानस्थल निर्माणका लागि अनुरोध गरिने उल्लेख गरिएको छ। नीति तथा कार्यक्रममा विगत ८ वर्षदेखि सञ्चालनमा रहेको काभ्रे उपत्यका एकीकृत खानेपानी परियोजनालाई आगामी आर्थिक वर्षमा सम्पन्न गर्ने उल्लेख गरिएको छ।

परियोजनाले नसमेट्ने नगरका बाँकी ठाउँमा गुणस्तरीय खानेपानी पुर्‍याउन नक्सांकनले पहिचान गरेका २७ वटा योजनामध्ये ७ वटा योजना आगामी २ वर्षमा सम्पन्न गर्ने लक्ष्य राखिएको छ। यस्तै कृषि, पशुसेवा, सहकारी, उद्योग विकासजस्ता क्षेत्रलाई प्राथमिकतामा राखी १ करोड बजेट विनियोजन गरिएको छ। विगत लामो समयदेखि अलपत्र अवस्थामा रहेको ल्यान्ड पोलिङलाई आगामी आर्थिक वर्षमा ठोस प्रगति हुने गरी अघि बढाइने नगर प्रमुख ब्याञ्जुले बताए। धुलिखेल नगरभित्रका महिलाहरूलाई धुलिखेल अस्पताल र बर्थिङ सेन्टरमा बच्चा जन्माएमा सेफ्टी सामग्री र नवजात शिशुलाई न्यानो कपडा उपलब्ध गराउनेसमेत नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ।

## वर्गीकृत विज्ञापन

**डिप्रेशन र माईग्रेनको सफल उपचार !!!**

- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङटा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प तात्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहीँबाट नभएकाहरूलाई पनि निको पारिने।**

**उपचारमा नयाँ आविस्कार सम्बन्धी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।**

**युनिक मेडिटेशन सेन्टर**
**नारायणी पेट्रोल पम्प**
**रिङरोड, बाफल**
४२७९५९५, ९८४९२२८०५९, ९८१३१२५५५८

**मर्मत**

अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्कारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरू धमाधम बिक्री भइरहेको छ। डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला।

**उपलब्धी सुविधाहरू**

(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

**चाहियो**

**मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।**
खान बस्नको सुविधासहित।
If you are satisfied,
tell others
If not tell us.
**राजु मो-बाइक कन्सर्न**
न्यूप्लाजा, पुतलीसडक, काठमाडौं
फोन नं. ४४३१२८६, ५०१०५५०

**बाथ तथा दमको अचुक उपचार**

हिमाली जडीबुटीहरूको ११ वर्षको लगातार अनुसन्धानपश्चात् साध्य तथा असाध्य रोगमा अपूर्व सफलता।
बाथ एवं नसारोग : स्यालको बोसो, चौरीको घियू, मूला बीउ, रायो बीउको तेलमा ५१ जडीबुटीलाई सिद्ध गरिएको मालिस तेल र ८१ जडीबुटीबाट निर्मित खाने औषधीबाट बाथमा सफलता।
दम : रूद्राक्षको जराको सत्व, कागतीको जराको सत्व, कण्टकारीको जराको सत्व, दशौं वर्ष पुरानो सख्खर (गुड) का साथमा १३ जडीबुटीलाई सिद्ध गरिएको औषधीबाट दममा सफलता।
मधुमेह : मधुमेह धातु (वीर्य क्षीण हुने) रोग पनि भएकाले वीर्य पुष्टिका लागि- गुर्जोको सत्व, कृष्णब्राम्ही, विमिरोको जराको सत्व, ओखरको तेल, बाँसको जराको सत्व, नीर बाबरीको दानालगायत ११ जडीबुटीबाट वीर्य पुष्टि एवं मधुमेहमा सफलता साथै ग्यास्ट्रिक, अल्सर, पुरानो आउँ, अल्काई, पिनास, पुरानो खोकी, प्यारालाईसिस, साइटिका, कम्मर-घुँडा दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको, महिनावारीमा तल्लो पेट दुख्ने, श्वेतप्रदर, शीघ्रपतन, यौन अक्षमता, गानोगोला जस्ता सबै खाले पुराना रोगको सफल उपचार गरिन्छ।

**विशाल आयुर्वेद तथा ध्यान-दर्शन योगाभ्यास प्रशिक्षण आश्रम**
**महाराजगन्ज चक्रपथ, नारायणगोपाल चोक परमेश्वर मार्ग, आस्था कला केन्द्रसँगै (अमेरिकन एम्बेसीको अपोजिट साइडबाट ५-७ घर माथि आएपछि परमेश्वर मार्गमा छिर्ने)**
**फोन** : ४७२००४६
**मोबाइल** : ९८५१०७३५००

## नेपाल समाचारपत्र को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू

NEPAL SAMACHARPATRA

**काठमाडौं** गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोन: ३७०७०५, फ्याक्स: ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८१९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोन: ३५३९४१, फ्याक्स: ३५३९९६ ● ध्रुवको पसल डिल्लीबजार, फोन: ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोन: ४८६५१३, ४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्र्याक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिब्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोन: ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोन: २८२४५१, २८०६७३, फ्याक्स: २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोन: २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोन: ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोन: ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३९५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६९३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्र) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोन: ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्यूनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२, फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२१९१७३ फोन : ४२७४६३३, ४२८९२६०

**ललितपुर** हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेनसरी, पाटनढोका, फोन: ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोन: ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोन: ९८४१७६९५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

**भक्तपुर** सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मल: स्टेसनरी गठाघर, फोन: ६३०७५७ ● बेबिस आर्ट इटाछेँ : ६१२७२४

२०७५, असार
बिहीबार
२१

रोजगारीका लागि कोरियामा रहेका कमलका दाजु राम शर्मा लामिछाने घर फर्केपछि दाहसंस्कार गरिएको हो। मृतक लाछिानेका बाबु खिमरामको पनि ३ वर्षअघि निधन भएको थियो।

# नेपाल

## एकैपटक एउटै घरमा तीन पुस्ताको किरिया

दुर्गाप्रसाद शर्मा, पर्वत

दैव पनि कति निष्ठुरी भइदिन्छ, एउटै घर, २ जना किरियामा बसेका छन् तर उनीहरू ३ पुस्ताको पितृमुक्तिका लागि।

पर्वत कुस्मा नगरपालिका-९ कटुवाचौपारीमा दुर्घटनामा परेर ज्यान गुमाएकी ३ वर्षीया छोरी ममता र उनका बाबु कमल लामिछानेको दाहसंस्कारपछि शनिबारदेखि किरिया शुरू भएको छ।

लामिछानेका बाबुछोरीको मात्रै होइन ३ वर्ष पहिले कालगतिले मृत्यु भएका कमलका बाबु खिमराम लामिछानेको पनि शनिबारदेखि नै किरिया शुरू भएको छ। खिमरामका जेठा छोरा राम शर्मा लामिछाने विदेशमा भएकाले फर्केपछि बाबुको किरिया बसेका छन् भने ६ दिन पहिले मृत्यु भएका कमल र छोरीको किरिया भने ठूलो बुबा बसेका छन्।

छिमेकी तनहुँको आँबुखैरेनी गाउँपालिका-१, बरादीमा असार १२ गते मंगलबार भएको सडक दुर्घटनामा बाबु कमल र छोरी ममताको मृत्यु भएको थियो भने श्रीमती पार्वती गम्भीर घाइते छन्। रोजगारीका लागि कोरियामा रहेका कमलका दाजु राम शर्मा लामिछाने घर फर्केपछि दाहसंस्कार गरिएको हो। मृतक लाछिानेका बाबु खिमरामको पनि ३ वर्षअघि निधन भएको थियो भने गत वर्ष हजुरआमा गुमाएका थिए। दाजु विदेशमा भएकाले बाबुको किरियासमेत गर्न पाएका थिएनन्, भाइ र भतिजी गुमाउनुपर्दा भाइको समेत किरिया गर्न पाएनन्। दाजु रामको परिवार कुस्मामा बस्दै आएको छ भने कटुवाचौपारीको घरमा कमल र ५५ वर्षीया विधवा आमा मात्रै रहँदै आउनुभएको छ।

मंगलबार आँबुखैरेनीबाट डुम्रेका लागि छुटेको ग१ख ३०७३ नम्बरको बसले बा१७च १८१४ नम्बरको भ्यान र ग५प १९४४ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा ४ जनाको मृत्यु भएको थियो। दुर्घटनामा पर्वतको कुश्मा नगरपालिका-९, कटुवाचौपारीका २५ वर्षीय कमल लामिछाने र उनकी ३ वर्षीया छोरी ममता लामिछानेको उपचारका क्रममा गण्डकी मेडिकल कलेज, पोखरामा मृत्यु भएको थियो।

दुर्घटनामा गम्भीर घाइते भएकी कमलकी श्रीमती २० वर्षीया पार्वतीको पनि गण्डकी मेडिकल कलेजमा नै उपचार भइरहेको छ।

दुर्घटनाका अन्य घाइतेमा चितवन भरतपुर-६ की २० वर्षीया सरु पाठक, पर्वतको कुश्मा नगरपालिका-१३ खौलाका २४ वर्षीय गुरुदत्त तिवारी, वडा नं २ खुरकोटकी ३९ वर्षीया सीतादेवी चालिसे र नवलपरासी सुस्ताका ३५ वर्षीय आनन्द तिवारी छन्। उनीहरू पनि मृतकका आफन्त नै हुन्। कुश्माबाट काठमाडौं जाने क्रममा मृतक लामिछाने र आफन्त एउटा निजी प्रकाशन गृहको भ्यानमा त्यसतर्फ जाँदै थिए। काठमाडौंको निजी पब्लिकेसनमा काम गर्दै आएका मृतक लामिछानेकी श्रीमती पार्वती र छोरी भने मनकामना मन्दिरमा पूजा गर्न हिँडेको आफन्तले बताएका छन्।

## माहुली पुल भासिन थाल्यो

राजविराज, (नेस)

पूर्वपश्चिम राजमार्गअन्तर्गत सप्तरीको अग्निसाईर कृष्णासवरण गाउँपालिका-४स्थित महुली पुल भासिन थालेको छ।

२ दिनयताको वर्षात्सँगै खोलामा आएको बाढीका कारण करिब २५ मिटर जति पुल भासिएको वडाअध्यक्ष श्रीप्रसाद यादवले जानकारी दिए। बिहान करिब ४ बजे पुल भासिन थालेको जानकारी पाएको उनले बताए। 'बिहान आउँदा करिब २ इन्च भासिएको थियो, अहिले करिब १० इन्च भासिएको छ', उनले भने- 'विस्तारै-विस्तारै भासिने क्रम जारी रहेकोले तत्कालै सपोर्टिङ बाँधको आवश्यक्ता छ।'

सप्तरीका एसपी मुकेशकुमार सिंहले पुलको एक साइड मात्रै भासिएकाले वान-वे यातायात सञ्चालन गरिएको बताए। एसपीसहित सीडीओ सुरेन्द्र पौडेललगायतको टोली घटनास्थलमा पुगेको छ।

'पुलको आधा भाग जमिन र आधा भाग मात्रै पुल छ', उनले भने- 'जण्डौलपट्टिबाट जमिनको भागचाहिँ भासिएको हो, आत्तिनुपर्ने अवस्था छैन।'

सडकको बीचमा पूर्व-पश्चिम चिरा परेर एक साइड भासिएकाले त्यसको सपोर्टका लागि आवश्यक बाँध बनाउन पहल भइरहेको सिंहले जानकारी दिए। सडकका इन्जिनियरलाई बोलाएर आवश्यक तयारी समेत शुरू गरिएको उनले बताए।

## मेयरको उदाहरणीय कार्य
## आफ्नो पारिश्रमिकमा छात्रवृत्ति

नेपाल समाचारपत्र

बुटवल

रुपन्देहीको तिलोत्तमा नगरपालिकाका प्रमुख वासुदेव घिमिरेले जनप्रतिनिधिको रूपमा प्राप्त गर्ने आफ्नो पारिश्रमिक रकम छात्रवृत्तिमा लगाउने घोषणा गर्नुभएको छ।

उहाँले ५ वर्षमा प्राप्त हुने सम्पूर्ण पारिश्रमिक रकमबाट सामुदायिक विद्यालयमा अध्ययनरत गरिब तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्ने घोषणा गर्नुभएको हो।

तेस्रो नगरसभा समापन गर्दै नगरप्रमुख घिमिरेले आफूलाई प्राप्त हुने पारिश्रमिक रकम नगरका सबै सामुदायिक विद्यालयका १/१ जना गरिब तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्तिको रूपमा उपलब्ध गराउने बताउनुभयो। प्रदेश सरकारले प्रदेश नं. ५ मा नगरप्रमुखको पारिश्रमिक मासिक ३५ हजार रुपियाँ तोकेको छ। तिलोत्तमा नगरपालिकामा हाल ४४ वटा सामुदायिक विद्यालय छन्।

सामुदायिक विद्यालयले सिफारिस गरेका विद्यार्थीलाई कार्यविधिका आधारमा लगातार ५ वर्ष वा विद्यार्थी सो विद्यालयमा अध्ययन गर्दासम्म छात्रवृत्ति प्रदान गरिनेछ।

सामुदायिक विद्यालयको शैक्षिक र भौतिक पूर्वाधार सुधारमा लागेको तिलोत्तमा नगरपालिकाका प्रमुख घिमिरेले आफ्नो पारिश्रमिक रकम पनि सामुदायिक विद्यालयकैं विद्यार्थीको हितमा लगाउने घोषणा गर्नुभएको हो। 'मेरो व्यक्तिगत तर्फबाट पनि सामुदायिक विद्यालयमा अध्ययन गर्ने गरिब तथा जेहेन्दार विद्यार्थीको पढाइमा केही सहयोग पुगोस् भनेर आफ्नो पारिश्रमिक रकम छात्रवृत्तिमा लगाउने निर्णय गरेको हुँ', -नगर प्रमुख घिमिरेले भन्नुभयो।

सामुदायिक विद्यालयमा दिवा खाजा कार्यक्रम शुरू गरेको तिलोत्तमा नगरपालिकाले आगामी आर्थिक वर्षमा शिक्षातर्फ कुल बजेटको २० दशमलव ८३ प्रतिशत अर्थात् २८ करोड १९ लाख ८३ हजार रकम विनियोजन गरेको छ। यसमा शिक्षक, कर्मचारीको तलबका अतिरिक्त सामुदायिक विद्यालयको भवन तथा पूर्वाधार निर्माणमा १ करोड, भवन रङरोगन तथा मर्मतसम्भारका लागि १ करोड २९ लाख, दिवा खाजाका लागि १ करोड, बाल विकास शिक्षकलाई प्रोत्साहन भत्तास्वरुप ३५ लाख ८८ हजार, सामुदायिक विद्यालयमा यातायात सञ्चालन अनुदानस्वरुप २० लाखलगायत विभिन्न शीर्षकमा रकम विनियोजन गरिएको छ।

## तीन प्रतिशत बालबालिका विद्यालयबाहिर

नेपाल समाचारपत्र

लमजुङ

लमजुङमा विद्यालय भर्ना अभियानमा चुनौती देखिएको छ। बेंसीशहरमा आयोजना गरिएको विद्यार्थी भर्ना विशेष अभियान-२०७५ दोस्रो चरणको अन्तरक्रिया कार्यक्रममा उक्त जानकारी गराइएको हो।

जिल्लाका ३ दशमलव २ प्रतिशत बालबालिका अझै विद्यालयबाहिर रहेको जिल्ला शिक्षा विकास तथा समन्वय एकाइले एक अन्तरक्रिया कार्यक्रममा जानकारी दिएपछि सो खुलासा भएको हो। जिल्लाका १ देखि १२ वर्ष विद्यालय भर्ना हुने उमेर समूहका बालबालिका अझै पनि विद्यालयबाहिर रहेको कार्यालयको तथ्यांकमा उल्लेख रहेको शिक्षा एकाइका प्रमुख नारायण रेग्मीले बताउनुभयो।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी झंकनाथ ढकालले अशिक्षा, बेरोजगारी, गरीबी, विपन्नता तथा घरनजिक विद्यालय नभएका कारण पनि बालबालिका विद्यालय भर्ना नभएको जानकारीमा आएको बताउनुभयो। देशभर विद्यालय उमेर समूहका प्राथमिक तह (५-९ वर्ष उमेर समूह) का २.८ प्रतिशत बालबालिका विद्यालयको पहुँचबाहिर रहेको सरकारको तथ्यांक छ।

सरकारले अभियानस्वरुप देशभर विद्यार्थी भर्ना कार्यक्रमलाई निरन्तरता दिए पनि सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर माथि उठ्न नसकेको नेपाली कांग्रेसका पूर्वजिल्ला सभापति कृष्णप्रसाद कोइरालाले बताउनुभयो। उहाँले भन्नुभयो- 'सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर माथि उठ्न नसक्नुमा समयानुकूल पाठ्यक्रम परिमार्जन नहुनु पनि हो।' दोर्दी गाउँपालिकाका प्रमुख ओमबहादुर गुरुङले सामुदायिक विद्यालयप्रति अभिभावकको चासो कम हुनु र विद्यालय र अभिभावकबीच समन्वयको कमीका कारण सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर माथि उठ्न नसकेको बताउनुभयो।

यसैगरी, अपांग महासंघका केन्द्रीय सदस्य चन्द्रकान्त पौडेलले अपांग बालबालिका बढी मात्रामा विद्यालयबाहिर रहेको बनाउँदै अपांगमैत्री भौतिक संरचनाको अभाव र त्यस्ता विद्यार्थीलाई विद्यालयमा प्रोत्साहनको कमी, अचेतना र गरिबी कारक रहेको बताउनुभयो।

जिल्ला शिक्षा विकास तथा समन्वय एकाइ लमजुङका प्रमुख नारायण रेग्मीले नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले विद्यार्थी भर्ना अभियान सञ्चालन गरी विद्यालय भर्ना नभएका बालबालिकालाई विद्यालयभित्र ल्याउन उक्त कार्यक्रम सञ्चालन गरिएको बताउनुभयो। उहाँले त्यो संख्या विद्यालय नै नजानेभन्दा पनि माथिल्लो कक्षामा गएर छाड्नेको भएको बताउनुभयो। यस वर्ष कति विद्यार्थी विद्यालयबाहिर छन् भन्ने सर्वेक्षण हुन बाँकी रहेको उहाँको दाबी थियो।

विद्यालयबाहिर रहेका बालबालिकाको तथ्यांक संकलनका लागि साउन १९ गतेसम्म फारम भर्न पालिका, स्रोतकेन्द्र र प्रधानाध्यापक फारम बुझी घरदैलोमा पुग्ने, साउन २५ सम्म संकलित फारम फिर्ता गर्नुपर्ने, साउन महिनाभित्र विद्यालयबाहिर रहेका बालबालिकाको पहिचान गरिने, भदौ १५ सम्म विद्यालयबाहिर रहेका बालबालिकाको भर्ना गराई शिक्षा एकाइ र पालिकाले अभिलेख राख्ने कार्यक्रम रहेको जिल्ला शिक्षा विकास तथा समन्वय एकाइ लमजुङका प्रमुख नारायण रेग्मीले जानकारी दिनुभएको छ। उहाँका अनुसार साउन ३१ गते अनिवार्य आधारभूत शिक्षा सुनिश्चितता पालिकाले घोषणा गर्ने कार्यक्रम रहेको छ।

बालबालिका विद्यालयबाहिर रहनुको कारणमा आर्थिक अवस्था कमजोर रहेको देखिएको छ। विद्यालयबाहिर रहेका बालबालिकालाई विद्यालयको पहुँचमा ल्याउन जिल्ला शिक्षा विकास तथा समन्वय एकाइ लमजुङसहित लमजुङका ४ नगरपालिका र ४ गाउँपालिकाले विद्यार्थी भर्ना अभियान सञ्चालन गरेका थिए।

विसं २०६१ देखि शुरू भएको विद्यार्थी भर्ना अभियान सञ्चालनका लागि यस वर्ष केन्द्र, प्रदेश र स्थानीय सरकारले समन्वयात्मकरूपमा काम शुरू गरेका छन्। वैशाख २ गतेदेखि शुरू भएको भर्ना अभियानअन्तर्गत विद्यालयबाहिर रहेका सबै बालबालिकालाई शिक्षाको पहुँचमा ल्याउने सरकारको लक्ष्य थियो।

## १ सय १८ वटा मोटरसाइकल चोरी

विराटनगर, (नेस)

विराटनगर महानगरपालिकामा मोटरसाइकल चोरीको घटनामा वृद्धि भएको छ। दिनहुँ हुने मोटरसाइकल चोरीको घटनाले सर्वसाधारण हैरान भएका छन्। चालू आर्थिक वर्ष समापनको १७ दिन अघिसम्म विराटनगर महानगरपालिकाबाट मात्र १ सय १८ वटा मोटरसाइकल चोरी भएका छन्।

आर्थिक वर्ष २०७३/७४ मा विराटनगर महानगरपालिकाबाट १ सय १५ वटा मोटरसाइकल चोरी भएकोमा यसवर्ष साउन १५ गतेसम्म १ सय १८ वटा मोटरसाइकल चोरी भएको प्रहरीको तथ्यांकले देखाएको छ। विराटनगरको मालपोत कार्यालय, काली मन्दिर रोड, गुद्री बजार र नोबेल अस्पताललगायत बढी भीडभाड हुने क्षेत्रबाट प्राय: दिनहुँ सर्वसाधारणको मोटरसाइकल चोरी हुने गरेको छ। सर्वसाधारणको दैनिकी क्रियाकलापसँग जोडिएको मोटरसाइकल पार्किङ गरिएको ठाउँबाट क्षणभरिमै चोरले गायब गरिदिँदा सर्वसाधारण आर्थिक र मानसिकरूपमा पीडित भइरहेका छन्।

चालू आर्थिक वर्षको असार १५ गतेसम्म विराटनगर महानगरपालिकासहित मोरङको विभिन्न क्षेत्रबाट १ सय ३८ वटा मोटरसाइकल चोरी भएका छन्। जसअन्तर्गत सिजुवाबाट २, उर्लाबारीबाट ३ र बेलबारीबाट १५ वटा मोटरसाइकल चोरी भएका छन्। विराटनगर महानगरपालिकासमेत गरी गएको आर्थिक वर्षमा मोरङबाट जम्मा १ सय २२ वटा मोटरसाइकल चोरी भएका थिए। दिन बिराएर मोटरसाइकल चोरीका घटना हुने गरे पनि चोरी भएपछि न्यून संख्याका मोटरसाइकलमात्र भेटिने गरेको छ। चोरी भएको माल बरामद भएपछि मात्र मुद्दा चल्ने कानुनी प्रावधानका कारण मोटरसाइकल चोरीको घटनामा थोरै संख्यामा मात्र मुद्दा चल्ने गरेको छ।

चालू आर्थिक वर्षमा विराटनगर महानगरपालिकामा जम्मा १२ वटा र मोरङका अन्य ठाउँसमेत गरी मोटरसाइकल चोरीको जम्मा २० वटा मुद्दा प्रहरीले चलाएको छ। ती मुद्दामा ४० जनालाई प्रतिवादी बनाइएकोमा ३२ जनालाई पक्राउ गरिएको छ भने ८ जना फरार रहेको प्रहरीको तथ्यांकले देखाएको छ। मोटरसाइकल चोरीलाई न्यूनीकरण गर्न प्रहरीले विशेष सतर्कता अपनाउँदै आएको जिल्ला प्रहरी कार्यालय मोरङका प्रवक्ता डीएसपी निशान थापाको भनाइ छ। चोरी गरी लगेको मोटरसाइकलको नम्बर प्लेट, इन्जिन र रङसमेत हेरफेर गरिदिने हुनाले बरामद भएका कैयौं मोटरसाइकल सवारीधनी स्वयंले पनि नचिन्ने अवस्थाका हुन्छन्।

## वर्षाले गाउँका सडक बिजोग

विमल विष्ट, डोटी



डोटीमा जथाभावी डोजर प्रयोग गरेर खनिएका ग्रामीण सडकमा वर्षाका कारण सवारीसाधन गुड्न सकेका छैनन्। वर्षा शुरू हुनासाथ पहिरो खस्ने र यातायात सञ्चालनमा समस्या आउने गरेको चालक बताउँछन्।

गाउँपालिका, वडा कार्यालय, जिल्ला समन्वय समिति, निर्वाचन पूर्वाधार क्षेत्र विकासको रकमले यहाँका ग्रामीण भेगमा उपभोक्ता समितिमार्फत मनपरी सडक खनिएका छन्। त्यस्ता सडकमा ग्रेड नमिल्ने, साँघुरो, जथाभावी खनिएको स्थानीयवासीको आरोप छ। यहाँका अधिकांश ग्रामीण सडकमा सवारीसाधन चलाउनै नमिल्ने गरी बिग्रीएको सायल गाउँपालिका डौडका स्थानीय लीलाधर विष्टले बताउनुभयो।

उहाँले भन्नुभयो- 'उपभोक्ता समितिको मनपरी ढंगले काटिएका सडक बेकामै भएका छन्, सावरीसाधन त के मान्छे हिँड्न समेत मुस्किल पर्न थालेको छ।' यहाँका अधिकांश ग्रामीण कच्ची सडकमा हिउँदको ६ महिनामात्र सवारीसाधन सञ्चालन गर्न मिल्ने तथा हल्का वर्षा शुरू हुनासाथ ग्रामीण भेगको यात्रा पैदल हुने शैलेस्वरी यातायात व्यवसायी समितिका दिपायलका प्रमुख हर्कबहादुर महराले बताउनुभयो।

उहाँले भन्नुभयो- 'बाटो लैजाने नाममा जथाभावी डोजर लगाएर खनेका सडकमा पानी परेपछि पहिरो खस्ने, हिलाम्मे हुन्छन्, गाडी हाल्ने बित्तिकै दुर्घटना भइहाल्छ।'

यहाँका अधिकांश ग्रामीण सडक सवारी साधन चलाउनमा अति जोखिममा रहेका छन्। बिनामापदण्डका यी ग्रामीण सडकमा ठूल्ठूला दर्जनौं सवारी दुर्घटना हुँदा समेत सडकको स्तरोन्नतिका लागि खासै पहल हुन नसकेको स्थानीयको आरोप छ।

बजेट विनियोजन भएका ग्रामीण सडकमा समेत सरकारले रकम निकासा नदिँदा यहाँका ग्रामीण सडकको अवस्था जस्ताको तस्तै रहेको सञ्चारकर्मी डिलबहादुर सिंहले बताउनुभयो। उहाँले भन्नुभयो- 'सरकारीस्तरबाट विनियोजन भएको रकम निकासा नदिँदा सडकको दुरावस्ता भएको छ, ग्रामीण सडकको स्तरोउन्नति गर्ने हो भने पर्याप्त बजेट आउनुपर्छ।' यहाँका ग्रामीण क्षेत्रका सडक ज्यानमारा सडकका रूपमा परिचित हुन थालेका छन्।

जिल्ला समन्वय समिति, वडा, निर्वाचन क्षेत्र विकासको बर्सेनि त्यस्ता सडकमा १० करोडभन्दा बढी खर्च हुने गरेको छ। ती सडक प्राविधिकको वर्गीकरणमा 'घ' वर्गमा र अति जोखिममा परेका छन्। वर्षा शुरू भएसँगै जिल्लाका ग्रामीण भेगका अधिकांश सडकमा सवारीसाधन गुड्न सकेका छैनन्। वर्षात्ले हिलाम्मे भएका यस्ता सडकमा सवारीसाधन गुड्न बन्द भएको छ।

वर्षात्ले ग्रामीण सडक बन्द हुँदा उपचारका लागि आउने बिरामीका साथै सुत्केरी महिलाले दु:ख पाउनु परेको स्थानीय बोगटान गाउँपालिका-५ का स्थानीय खडकबहादुर बोहराले बताउनुभयो। डोटीका गाउँगाउँमा पछिल्लो केही समययता सडक पुर्‍याउने होड बाजी चलेको छ। विगतमा नेताले जनतासँग सडक पुर्‍याउने बाचा गरेअनुसार अहिले गाउँमा सडक पुर्‍याउने होडबाजी चलेको स्थानीय बताउँछन्।

## प्रकोपजन्य मृत्युमा १ लाख

बुटवल, (नेस)

मुलुकभर प्राकृतिक विपद् भइरहेको समयमा प्रदेश ५ का आन्तरिक मामिला तथा कानुनमन्त्री कुलप्रसाद केसीले सरकारको राहत वितरण मापदण्डअनुसार प्राकृतिक प्रकोपबाट मृत्यु भएमा परिवारले प्रतिव्यक्ति १ लाख रुपियाँ राहत पाउने तथा पशु चौपाया मरेमा ५० हजारदेखि १ लाख रुपियाँसम्म क्षतिपूर्ति दिइने बताउनुभयो।

प्राकृतिक प्रकोपबाट घर नष्ट भएमा प्रतिघरले ३५ हजार वा ३ बन्डल जस्तापाता पाउने मन्त्री केसीले बताउनुभयो। मन्त्री केसीका अनुसार बढी जोखिमयुक्त नदीमा पूर्वसूचना प्राप्त गर्न आधुनिक पूर्वसूचना प्रणाली जडान गरिनेछ र त्यसका लागि १ करोड ५० लाख रकम छुट्टयाइएको छ। प्रदेश सरकारले विपद् व्यवस्थापन सामग्री खरिद र भण्डारणका लागि १ करोड ७६ लाख विनियोजन गरेको छ।

**कि इन्टरटेनमेन्ट प्रा. लि. को नाम परिवर्तन गरि कि इन्टरटेनमेन्ट एण्ड रिसर्च प्रा. लि. कायम गरिएको सम्बन्धी सूचना**

कम्पनी ऐन बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालयमा प्रा. लि. दर्ता नं. ३७४१४/०६२/०६३ मा दर्ता भई सम्बन्धित निकायको अनुमति प्राप्त गरि संचालनमा रहेको कि इन्टरटेनमेन्ट प्रा. लि. को नाममा रहेको चल, अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि समेत परिवर्तित कि इन्टरटेनमेन्ट एण्ड रिसर्च प्रा. लि. ले सकार्ने व्यहोर्ने शर्तमा कम्पनी रजिष्ट्रारको कार्यालय, काठमाडौंको मिति २०७५/०२/२२ को निर्णय अनुसार साविकको कि इन्टरटेनमेन्ट प्रा. लि. को नाम परिवर्तन भई कि इन्टरटेनमेन्ट एण्ड रिसर्च प्रा. लि. कायम गरिएको सम्बन्धित सरोकारवाला सबैलाई जानकारी गराउने प्रयोजनको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

कि इन्टरटेनमेन्ट एण्ड रिसर्च प्रा. लि.
त्रिपुरेश्वर, काठमाडौं